# राष्ट्रिय मानव अधिकार आयोग

## राष्ट्रिय मानव अधिकार आयोग, बालअधिकार एकाइबाट मिति २०६२ आषाढ १७ गतेदेखि श्रावण १० गतेसम्म सशस्त्र द्वन्द्वमा बाल अधिकार विषयमा केन्द्रित रही गरिएको बाल अधिकार अनुगमनको स्थलगत प्रतिवेदन

राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकार आयोग ऐन २०५३ ले सुम्पिएका दायित्वहरु पूरा गर्ने सम्बन्धमा मानव अधिकारको प्रभावकारी संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनमा शुरूदेखि नै क्रियाशील छ । बालबालिका शान्ति क्षेत्र हुन भन्ने आम नागरिकको मान्यता रहेको र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरुले पनि बालबालिकालाई सौविध्यपूर्ण व्यवाहार गर्नुका साथै बालबालिकासंग सम्बन्धित सम्पूर्ण कार्यहरु उनीहरुको सर्बोत्तम हितमा केन्द्रीत हुनुपर्ने व्यवस्थाहरु रहेका छन् । विगत १० बर्षदेखि देशमा चलेको सशस्त्र आन्तरिक विद्रोहका कारणले हजारौ नागरिकहरुको ज्यान गइसकेको छ । द्वन्द्वले अत्याधिक मात्रामा बालबालिका तथा बृद्धबृद्धालाई असर गरेको संबेदनशील अवस्थालाई मध्यनजर गरी बाल अधिकार हनन् र ज्यादतिका विषयलाई अझ सक्रिय रूपले हेर्नका लागि आयोगमा बाल अधिकार एकाइ पनि गठन भएको छ ।

बाल अधिकार एकाइले हालै अधिराज्यका ११ वटा जिल्लाहरुमा सशस्त्र द्वन्द्वमा बाल अधिकार शीर्षकमा केन्द्रीत रही अनुगमन कार्य सम्पन्न गरिसकेको छ । अनुगमन गरिएका जिल्लाहरुमा पूर्वाञ्चलका ताप्लेजुङ्ग, पाँचथर र झापा, मध्यमाञ्चलका सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक, पश्चिमाञ्चलका बाग्लुङ्ग र म्याग्दी, मध्य-पश्चिमाञ्चलका कालीकोट र जुम्ला र सुदूर पश्चिमाञ्चलका दार्चुला र बझाङ्ग रहेका छन् । अनुगमन गर्दा अन्य विषयहरु बाहेक मूलभूत रूपमा निम्न विषयलाई प्राथमिकता दिइएको थियो । यी बुँदाहरु संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदबाट सशस्त्र द्वन्द्वमा बाल अधिकारका क्षेत्रमा हेरिने भनी तय गरिएका हुन ।

*क) गैर न्यायिक हत्या तथा अङ्गभङ्ग (यस अन्तर्गत वालवालिका तथा शिक्षकहरु समेत समेटिएका छन)*
*ख) बालसैन्यको प्रयोग तथा भर्ना*
*ग) विद्यालयमा आक्रमण तथा द्वन्द्वमा विद्यालयको प्रयोग*
*घ) बलात्कार तथा बालबालिका विरुद्ध अन्य गंभीर प्रकृतिका हिंशाहरु*
*ङ) बालबालिकाको अपहरण*
*च) बालबालिकालाई मानवीय सहयोग गर्न अस्विकार गरिएका विषयहरु*
*छ) बालबालिकालाई गैरकानुनी तवरले थुनामा राखिएका विषयहरु*

बाल अधिकार अनुगमनका क्रममा विभिन्न सरकारी निकायबाट भएका बाल अधिकार हनन र नेपाल कम्युनिष्ट पार्टी (माओवादी)बाट भएका बाल अधिकार दुरुपयोगसं सम्बन्धित निम्नानुसार रहेका छन् :-

### बझाङ्ग र दार्चुला :

**सरकारी निकायद्वारा बाल अधिकार हनन् भएका विषयहरु** *(यहाँ सरकारी निकाय भन्नाले सुरक्षा निकाय समेतलाई लिइएको छ)* ।

**क) गैरन्यायिक हत्या तथा अङ्गभङ्ग**

१) बझाङ जिल्लाको गर्जेपानी मा. वि. रायलका कक्षा १० मा पढ्ने देवराज जोशी, लोकेश मल्ल र प्रकाश विष्ट तथा जनप्रिय उच्च मा.वि. वगडगाउँमा अध्ययन गर्ने नवराज गिरी र महेश गिरीको सुरक्षाफौजद्वारा हत्या भएको जानकारी सर्वसाधारणले जानकारी दिएका थिए । सेनाहरु माओवादी जस्तै वनी निधारमा तारा भएको रातो टालो बाँधेर बसमा चढी आएका थिए भन्ने जानकारी प्राप्त भएको थियो । यस सम्बन्धमा आयोगबाट अनुसन्धान जारी रहेको छ ।

२) सुरक्षा फौजद्वारा सर्चमा गएको वेला सिप्टीका प्राथमिक विद्यालयका प्रधानाध्यापक कुमार सिंह धामीलाई नियन्त्रणमा लिएको भोलिपल्ट होपरीगाडमा लगी गोली हानी मारेको भन्ने जानकारी पाइएको थियो । यस कारणबाट निजको छोराले पढाइ नै छाडेको जानकारी पाइयो ।

**ख) बालबालिकालाई गैरकानुनी तवरले थुनामा राखिएका विषयहरु**

१) २०६० सालको युद्धविराम ताका विद्यार्थीहरुलाई शान्तिपूर्ण तरिकाले मागपत्र बुझाउन जिल्ला प्रशासनले अनुमति दिए पनि मागपत्र बुझाउने क्रममा **१० जना (एक जना बालक) लाई पक्राउ गरी मुद्दा नचलाई हाल सम्म बझाङ्ग कारागारमा राखिएको** सो मध्ये पक्राउ पर्दाको समयमा नावालक रहेका भामचौर गा.वि.स. ३ बझाङ्गका **दिलबहादुर धामी** पनि रहेको हालसम्म कुनै पनि कानुनी कारवाही चलाएको नपाइएको र हालसम्म पनि कारागारमा नै राखिएको पाइएको थियो ।

**ग) बालबालिकालाई मानवीय सहयोग गर्नमा हेल्चेक्र्याईं गरिएका विषयहरु**

१) जिल्ला बालकल्याण समिति बाजुरा तथा जिल्ला बालकल्याण समिति बझाङ्ग मा बालबालिका नियमावली २०५१ बमोजिम जिल्लामा हुनुपर्ने बालबालिकाका विषयमा कुनै पनि विवरण नभएको र केन्द्रीय बाल कल्याण समिति वीच कुनै समन्वय नभएको अवस्था विद्यमान रहेकोले कानुनहरुको सम्मान, रक्षा, प्रचार तथा कार्यान्वयन **Respect, Protect, Promote and Fulfill** गर्ने जिम्मेवारी बोकेको कार्यपालिका मातहतका निकायबाट आफ्नो दायित्वअनुरुप काम हुन नसकेको अवस्था छ । यस सम्बन्धमा कुनै पनि सोच विचार नगरी केवल देखावटी कार्य भएको अवस्था छ । उदाहरणका लागि जिल्ला बालकल्याण समितिलाई पठाइएको जम्मा बार्षिक वजेट १४,०००/- चौंधहजार मात्र पठाइने गरिएको र त्यो पनि आर्थिक वर्षको अन्त्यमा पठाइने र रकम भुक्तानी गर्न डँडेलधुरामा नेपाल बैंकमा पठाएर साट्न पनि समय नपाएको जानकारी पाइएको थियो । जिल्ला बालकल्याण समितिका कार्यक्रमहरु केवल दिवशहरु जस्तै बालदिवस, शुभजन्मोत्सव कार्यक्रमहरुमा सीमित रहेको पाइयो । यसमा पीडित र खासगरी द्वन्द्वपीडित बालबालिकाका लागि कुनै पनि कार्यक्रम सञ्चालन भएको पाइएको थिएन ।

## नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा बाल अधिकार ज्यादती गरिएका विषयहरु

**क) बालसैन्यको प्रयोग तथा भर्ना**

बझाङ्ग जिल्लामा बाल सैन्यको रुपमा बालबालिकालाई प्रयोग गरिएको जानकारी अनुगमनका क्रममा नआए पनि विगत ३ वर्षदेखि अधिकांश १६ वर्ष मुनिका २० जना बालबालिकालाई साँस्कृतिक अभियानमा लिएर हिंडेको देखिएको थियो ।

**ख) विद्यालयमा आक्रमण तथा द्वन्द्वमा विद्यालयको प्रयोग**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सेनाहरुले विद्यालयलाई बास बस्ने, खाना पकाएर खाने जस्ता कार्यहरुमा प्रयोग गरिएको पाइएको थियो । यस्तै गरी माओवादीद्वारा भौतिक कारवाही, घरजग्गा कब्जा जस्ता विषयसंग सम्बन्धित सूचनाहरु सार्वजनिक विद्यालयका सूचना पार्टी नजिकै टाँसेको पाइएको थियो । विद्यालयबाट स्थानान्तर हुने वा अन्य हिसावले चारित्रिक प्रमाण पत्र लिन चाहने विद्यार्थीहरुले शाही नेपाली सेना वा प्रहरी वा सशस्त्र प्रहरीमा जागिर खानेछैन भनी कबुलियतनामा विद्यालयमा दिएपछि मात्रै विद्यालयले दिनुपर्ने अनिवार्य व्यवस्था गरिदिएको पाइएको थियो ।

ने.क.पा. माओवादीले दार्चुला जिल्लाका विभिन्न विद्यालय परिसर ओरीपरि **A, B, C, D, O, P, Q, R, U,** आकारका ट्रेन्चहरु खनेको जानकारी पाइयो । उक्त ट्रेन्चहरु गत पुष माघको झरीमा समेत बृद्धबृद्धालाई समेत लगाएर जवर्जस्ती खन्न लगाएको जानकारी पाइएको थियो । उदाहरणका लागि **अपि पथपदर्शन नि.मा.वि. शेरी,** दार्चुला र सो को ठीक चौलानी नदी पारीको विद्यालय र सो आसपासका बाटोमा पनि देखिएको थियो ।

जिल्ला शिक्षा कार्यालय बझाङबाट विद्यालय निर्माणका लागि सिमेन्टको व्लक निर्माण गर्न दिएको अनुदानबाट पनि माओवादीले १०% चन्दा लिने गरेको जानकारी बझाङ्गमा आयोजित अन्तरक्रिया कार्यक्रममा दिइएको थियो ।

**ग) बालबालिकाको अपहरण**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले खास गरी कक्षा ६ देखि माथिका कक्षाहरुमा अध्ययन गर्ने छात्रछात्राहरुलाई अपहरण गरी जवर्जस्ती कार्यक्रमहरु र १ दिनदेखि ३ महिनासम्मको अभियानमा लिएर जाने गरेको पाइयो । यसरी लगिएका विद्यालयहरु र लगिएको मिति यस प्रकार रहेको छ :-

| क्र.सं. | विद्यालयको नाम | अपहरण गरिएको मिति, संख्या र पटक |
|---|---|---|
| ०१. | श्री चौधारी मा.वि., जुजी, बझाङ | २०६१ माघमा **कक्षा ८, ९ र १०** का गरी **२५ जना** विद्यार्थीलाई अपहरण गरी लिएर गएको जानकारी पाइएको थियो । |
| ०२ | श्री सरस्वती उच्च मा.वि. बिजगडा, बझाङ | **१०० जना** भन्दा बढी विद्यार्थीलाई १ दिनका लागि माओवादीले आमसभामा लिएर गएको जानकारी पाइएको थियो । |
| ०३ | श्री रत्न नि.मा.वि. पाउटा, | २०६१ आषाढ/श्रावण महिनामा कक्षा **७ र ८** का विद्यार्थीहरुलाई अपहरण गरी एक महिना अभियानमा लिएर गएको पाइएको । जनताहरुलाई वर्षको एक पटक ३ महिने अभियानमा लिएर जाने गरेको जानकारी पाइयो । |
| ०४ | श्री गर्जेपानी मा. वि. रायल | ने.क.पा. माओवादीले यस विद्यालयबाट पनि **वर्षमा ३ पटक विद्यार्थीहरुलाई जवर्जस्ती अभियानमा** लिएर गएको जानकारी पाइयो । मिति २०६१ कार्तिक मंसिर महिनामा **कक्षा ७,८,९ र १०** का विद्यार्थीलाई माओवादीले बझाङ वित्थडमा अभियानमा लिएर गएको जानकारी प्राप्त । |
| ०५ | श्री सरस्वती उच्च मा.वि. बिजगडा, बझाङ | २०६१ मार्ग महिनामा यस विद्यालयका माध्यमिक तहका विद्यार्थीहरुलाई अपहरण गरी **अछामको रामारोशन** पुऱ्याइएको जानकारी पाइएको थियो । |
| ०६ | कैलाश मा.वि. कोटेली, बझाङ्ग | विद्यालयमा बार्षिक परीक्षा हुँदा पनि परीक्षाहलबाटै विद्यार्थीलाई अभियानमा लिएर जाने गरेको, यो शिक्षा पढेर के हुन्छ ? जनवादी शिक्षा लिने, अभियानमा जाने, राम्रा राम्रा ठाउँमा घुम्ने गर्नुपर्छ भन्ने जस्ता कुरा गर्ने गरी अभियानमा लैजाने गरेको जानकारी पाइयो । |
| ०७ | श्री सरस्वती उच्च मा.वि. बिजगडा, बझाङ | **कक्षा ८,९ र १०** का विद्यार्थीहरुलाई माओवादीले जवर्जस्ती अभियानमा लिएर गएको जानकारी पाइयो । निज विद्यार्थीहरुलाई अनुगमन टोलीले दार्चुलाको लटिनाथमा फेला पारेको थियो । सोही ठाउँबाट भागेर आएका दुई जना **विद्यार्थीहरुलाई** (दार्चुला- बैतडी-बझाङको सीमाना) मा अनुगमन भेट गरी सो का बारेमा जानकारी लिएको थियो । |
| ०८ | श्री महादेव मा.वि. आठपाली, कफलसेरी, बझाङ | गत वर्ष माओवादीले **कक्षा ९ र १० का** विद्यार्थीहरुलाई अभियानमा लिएर गएको जानकारी स्थानीय स-साना भाइबहिनीहरुबाट पाइयो । |
| ०९ | श्री भैरव मा.वि. झोता, बझाङ | **प्रत्येक वर्ष विद्यालयबाट ४/५ पटक माओवादीले** अभियानमा लिएर जाने गरेको जानकारी शिक्षक ... बाट पाइएको थियो । |
| १० | श्री जनप्रिय उच्च मा.वि.वगडगाउँ, बझाङ्ग | गत वर्ष २०६१ मा ने.क.पा. माओवादीले ३ पटक विद्यार्थी र शिक्षकलाई अभियानमा लिएर गएको जानकारी उक्त मा.वि. ले आयोगको टोलीलाई जानकारी गराएको थियो । |
| ११ | बझाङ्ग जिल्लाको वुङ्गल क्षेत्रमा पर्ने सन्स्यूँ पुलनेरको घटना | ने.क.पा. माओवादीका “युगान्त” नाम गरेका कमाण्डरको नेतृत्वमा कालीकोट, अछाम, बझाङ्ग तथा दार्चुला जिल्लाका स-साना बालबालिकाहरु सम्मिलित साँस्कृतिक टोली “विनय शुन्दर” लाई खाजा ख्वाइरहेको अवस्थामा भेटिएको थियो । अछाम कैलाश खोलाका एक जना, कालीकोट जनता मा.वि. का कक्षा ६ पढ्दापढ्दै छाडेकी एक जना लगायतका २० जना बालबालिकाहरु रहेका थिए । निजहरुलाई सो अभियानमा हिंडाएको ३ वर्ष भइसकेको भन्ने जानकारी संलग्न बालबालिकाबाट पाइयो । |
| १२ | सिप्टीस्थित गणेश विनायक माध्यमिक विद्यालय, मार्मा, दार्चुला | **कक्षा ८, ९ र १० का** विद्यार्थीहरुलाई **२०६१ मार्ग महिनामा अपहरण गरी** अभियानमा लगेको र फागुनमा फिर्ता पठाउँदा **एस.एल.सी. टेष्ट परीक्षा पनि छुट्न गएको** र पछि विद्यालयले एक दिनमा दुई विषय गरी परीक्षा लिएको |

| | | |
|---|---|---|
| | | थियो । विद्यार्थी अभियानबाट गत **२ वर्ष एता ६०/७० जनाले विद्यालय छाडको** जानकारी स्थानीय व्यक्तिहरुबाट पाइयो । |
| १३ | गनैधार, बैतडीमा पाएको जानकारी | यो क्षेत्रबाट विद्यार्थीहरु **माओवादीले अपहरण गरी लिएर गएको, आषाढ २६ गते अभियानमा लिएर गएको** , विद्यार्थीहरु घर घरमा गई लिएर गएको, नजाने विद्यार्थीलाई कारवाही गर्ने धम्की दिएको, प्रत्येक परिवारबाट अनिबार्य रुपमा अभियानमा जानुपर्ने, नजाने **घरबाट रु २५/ चन्दा** दिनुपर्ने बाध्यता गरिएको, बालबालिकाहरुलाई पनि लैजाने तयारी गरिएको, र हाल बैतडीको नौला भन्ने विद्यालयमा माओवादी सेना लगायत अपहरणमा लगिएकालाई राखिएको जानकारी स्थानीय सर्वसाधारणले दिएका थिए । |
| १४ | श्री लटिनाथ उच्च मा.वि. रास्कोट, मार्मा, लटिनाथ, दार्चुला | सो विद्यालयमा पढ्दै गरेका विद्यार्थीले बताएअनुसार **सो विद्यालयबाट पनि करिव २५ जना विद्यार्थीहरुलाई जवर्जस्ती गरेर माओवादीले अभियानमा लान लागेको** जानकारी दिएका थिए । |

घ) हत्या तथा अङ्गभङ्ग

बझाङ्गको बुङ्गल क्षेत्रमा पर्ने गिठिनी खोला (शङ्कर खोला) मा पौडी खेल्न जाँदा खोलाको किनारमा माओवादीले छाडेर गएको बस्तु फेला पारी खेलाउँदा पड्कन गई कफलसेरी प्रस्तावित नि.मा. वि. बझाङमा अध्ययन गर्ने **वर्ष १३ का कक्षा ७ मा पढ्ने विनोदबहादुर सिंहको आँखामा लाग्न गई हाल एउटा आँखाले पढ्न नसक्ने** भएको पाइयो ।

यसका अतिरिक्त शाही नेपाली सेना र नेपाल प्रहरीमा भर्ना भएका परिवारजनले आफ्ना छोराछोरी फिर्ता नवोलाए घर जग्गा कब्जा गरी सदरमुकाम पठाइने भन्ने सूचना दार्चुलामा टाँस गरेको र कतिपयलाई सदरमुकाम जान पत्र लेखि अल्टिमेटम दिएको पाइएकोले सो परिवारसंग सम्बन्धित बालबालिकाको शिक्षाको अधिकार लगायत अन्य अधिकारबाट समेत बञ्चित हुनुपर्ने अवस्था आएको पाइयो ।

**अनुगमनका क्रममा मानव अधिकार हननसंग सम्बन्धित विभिन्न २८ वटा उजुरीहरु आयोगसमक्ष दिइएको थियो । जो अनुसन्धानका प्रक्रियामा रहेका छन् ।**

## जुम्ला र कालीकोट

सरकारी निकायद्वारा बाल अधिकार हनन् भएका विषयहरू

क) **बालबालिकाको गैरकानूनी थुना**

**विद्यार्थी सैनिक हिरासतमा :-**

जुम्ला जिल्लाको आर्मी व्यारेक -चन्दननाथ व्यारेकमा हाल थुनामा रहेकी एकजना बालिकाको भनाइअनुसार “मलाई जवरजस्ति माओवादीहरुले ४ महिना अगाडि मात्र माओवादीमा भर्ति गराएका हुन, म एस.एल.सी. परीक्षा दिएर बसेको समयमा सुरक्षा निकायबाट गिरफ्र भए । त्यति वेला मलाई माओवादीबाट जुम्ला जिल्लाको लर्मी भन्ने ठाँउमा न्याय सम्बन्धि साँकृतिक कार्यक्रमका लागि ल्याईएको थियो । त्यहिबाट सुरक्षाकर्मीले पक्राउ गरी ल्याएका हुन, मेरा एस.एल.सीं को मौका परिक्षा आइरहेको छ, दिन पाउछु कि पाउदैन, थाहा छैन् ।”

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा बाल अधिकार ज्यादती गरिएका विषयहरु

क) **सशस्त्र द्वन्द्वमा बालबालिकाको हत्या तथा अङ्गभङ्ग**

**मानव ढालको रुपमा प्रयोग गर्दा बालबालिकाको हत्या**

२०६२ जेष्ठ ६ गते जुम्ला जिल्ला तातोपानिको राकामा माओवादीद्वारा ९ वर्षीय दलित बालिका सम्झना सार्कीलाई मानव ढालको रुपमा प्रयोग गर्दा सुरक्षाफौजको गोलि लागि मृत्यु भएको जानकारी प्राप्त हुन आएको थियो । यस सम्बन्धमा थप अनुसन्धान जारी रहेको छ ।

ख) **बालसैन्यको प्रयोग तथा द्वन्द्वमा बालबालिकाको प्रयोग**

**द्वन्द्वमा बालबालिकाको प्रयोग :-**

कालिकोट जिल्लाको राताडावका १४ बर्षीय एक बालक कक्षा ५ मा पढ्दा पढ्दै माओवादी क्रियाकलापमा लगिएको, हाल समेत पार्टिको काम गर्ने गरेको, सभा सम्मेलनमा मानिसहरु जम्मा गर्ने गर्नु पर्ने र अभियानका क्रममा मुगु, हुम्ला, जुम्ला सम्म पैदल हिडने गरेका, हाल निजको अध्ययन क्रम रोकिएको पाइयो ।

**माओवादी कृयाकलापमा संलग्न बालकको भनाइ :-**

म माओवादी कृयाकलाप संलग्न भै ५/७ महिना काम गरेको थिए । म डब्लु.टीं. **(whole timer cader)** नै भएर काम गरेको हु । उनीहरुको काममा लाग्दा मेरो अध्ययन समेत रोकियो, त्यहाँ मेरो उमेरका अन्य साथिहरु पनि डब्लु.टी. थिए, उनीहरु विभिन्न जिल्लाबाट ल्याईएका थिए । सबै जनालाई पार्टिको नामले बोलाईन्थ्यो, धेरै लामो समय सम्म एउटै ग्रुपमा बस्न पाईदैनथ्यो । सधै जसो अभियानमा एक ठाँउबाट अर्को ठाँउमा गैरहनु पर्दथ्यो, मलाई लामो समय सम्म विसन्चो भए पछि घरमा फिर्ता पठाईएको थियो । मलाई शुरुमा जबरजस्ती नै लगिएको थियो ।

**माओवादीद्धारा विद्यार्थीहरु माथि कारवाही :-**

माओवादीहरुले २०६२ असारको पहिलो हप्ता राँके जुलुसको आयोजना गरेका थिए, त्यसमा विभिन्न विद्यालयहरुबाट २००/२५० जना बालबालिकाहरु जम्मा गरेर लगिएको थियो, लुडकु विद्यालय जुम्लाबाट ६०/७० जना लगिएका थियो, तीन दिन सम्म हिडाएर खल्ला चौर भन्ने ठाँउमा रातिको १२ बजे राँके जुलुस देखाउन लगाईएको थियो । सो समयमा नगएका ३०/४० जना बिद्यार्थीहरुलाई माओवादीहरुले कारवाही गरेका थिए, डाँडाबाट १०/१२ घण्टाको बाटो चून ढुङ्गा बोक्न लगाईएको थियो ।

कक्षा ९ र १० मा अध्ययन गर्ने विद्यार्थी तथा रानुकाना गाविस, जुम्ला समेतका सर्वसाधारणलाई २०६२ असारको १५ गते माओवादीद्धारा राके जुलुसका लागि खल्लाचौर भन्ने ठाउमा लगिएको र ४ दिन सम्म सो अभियानका लागि राखिएको समेत जानकारी टोलीले प्राप्त गरेको थियो ।

ग) **विद्यालयमा आक्रमण तथा द्वन्द्वमा विद्यालयको प्रयोग**

**माओवादीद्धारा विद्यालयमा राजनीतिक कार्यक्रम :-**

जुम्ला तथा कालिकोट जिल्लाका अधिकांश बिद्यालयहरुमा माओवादीहरु पटक पटक विद्यालयमा आएर कार्यक्रमहरु संचालन गर्ने गरेका, उनीहरुको राजनीतिक विषयमा कक्षा लिने गरिएको, विद्यालयमा आएर उनीहरुको राष्ट्रिय गान समेतको प्रशिक्षण दिएर गएका र अनुगमन टोली (माओवादी कार्यकर्ता) बाट उक्त गीतहरु गाए नगाएको अनुगमन गर्न आईरहने गरेको, कुनै दिन सुरक्षाफौज आए पछि कारवाहीमा पर्छौं कि भन्ने आतंक बिद्यार्थीहरुलाई निकै रहेको समेत टोलीले अनुगमनका क्रममा जानकारी प्राप्त गरेको छ ।

हाल माओवादीको व्यवहारमा सुज अभियान ताका (**जुत्ता लगाई तुना कस, बन्दुक बोकी जंगल पस भन्ने नारा सहितको**) भन्दा केही परिवर्तन आएका, जनसरकार प्रमुखले भावी दिनहरुमा मानव अधिकार बिरुद्धका ज्यादतीहरु आफ्नो तर्फ बाट नहुने प्रतिवद्धता समेत लुडकू मा.वि.का शिक्षक तथा बिद्यार्थीहरुको अगाडि व्यक्त गरेका थिए । हाल जनताबाट समेत दवाव पाएका कारण विकास योजनाहरू तथा बाहिरी कार्यक्रम संचालन गर्न दिईएको, विराट गा.वि.स. बाट बिस्थापीत भई सुर्खेत गएकाहरू पुनर्स्थापित भएका छन् ।

**माओवादीद्धारा विद्यालयमा कार्यक्रम :-**

माओवादीहरुद्वारा पटक पटक विद्यालयमा आउने, कार्यक्रमहरु गर्ने र आफ्ना कार्यक्रममा बिद्यार्थी तथा शिक्षकहरुलाई लाने गरिएको, बिद्यार्थी तथा शिक्षकहरुलाईलाई उनीहरुको काम कारवाही र विषयमा खासै चासो नभए पनि जान बाध्य गराउने गरिएको समेत टोलीले जानारी प्राप्त गरेको थियो ।

चुलिमालिका मा.वि. घोडेनाका एकजना बिद्यार्थीलाई समेत उनीहरुको विद्यार्थी संगठनमा सचिव बनाईएको, तर सो विषयमा नीजलाई केही थाहा नभएको, सधै जसो उनीहरुको राजनीतिक गतिविधि विद्यालय क्षेत्रमा भइरहने गरेको, हाल उक्त विद्यालयबाट एस.एल.सी. परीक्षामा १ जना पनि सफल हुन नसकेको, बिद्यार्थीहरुको मानसिकता स्वच्छ हुन नसकेको, उक्त बिद्यालयका अंग्रेजी पढाउने शिक्षक माओवादी कारवाहीबाट विस्थापीत हुन पुगेको भन्ने जानकारी समेत टोलीले प्राप्त गरेको छ ।

घ) **विविध**

**माओवादीहरुबाट आत्मसमर्पणको क्रम वढेको सम्बन्धमा :-**

जिल्ला प्रशासन कार्यालयबाट आत्म सम्पर्ण गर्नेहरुको विवरण प्राप्त भएको र सो विवरण अनुसार हाल सम्म जुम्ला जिल्लामा २०० माओवादीहरुले आत्म समर्पण गरेका रहेछन । त्यस मध्ये ६० जना

१३/१४/१५/१६/१७/१८ वर्षका बालबालिकाहरु रहेका छन् । उनीहरुलाई बाल छापामार, सेन्ट्री, पत्राचार आदानप्रदान, मानिसहरुको समुह भेला गर्न जस्ता कार्यमा प्रयोग गर्न हिडाउने गरेको जानकारी टोलीले प्राप्त गरेको छ ।

**बालबालिकामा युद्धको प्रभाव :-**
कालिकोट तथा जुम्ला दुवै जिल्लामा गाउँ सरकारको पहुँच बाट टाढा हुदै गएको, बिद्यार्थी तथा शिक्षकहरु अनुगमनका अभावका कारण अत्यन्तै गम्भिर अवस्थामा रहेका, बिद्यार्थीहरु बाँच्नको लागी जे गर्न पनि बाध्य भएका, गरिवि भोक रोग लगाएतका कठिनाईहरु देखा परेका, शिक्षा क्षेत्रलाई दुवै पक्षले निकै दवाव श्रृजन ागर्ने गरेको, शिक्षकहरु संग १ महिनाको तलवभत्ता माओवादी द्वारा माग्ने गरिएको, हाल सम्म ५ प्रतिशत कर शिक्षकहरु बाट निरन्तर दिने गरिएको, सो सम्बन्धमा आर.वि.एम. संग समेत शिक्षकहर बट कुरा राख्ने गरिएको जूम्ला जिल्लाको लुडकू मा.वि. बाट ५ जना बिद्यार्थीहरु डव्लु. टि.भएको समेत टोलीले जानकारी प्राप्त गरेको थियो ।

**माओवादीद्धारा विस्थापितहरुलाई पुनर्स्थापित :-**
२०६१ साल मंसीरमा विराट गा.वि.स.का ३३ घर परिवार र हाटसिन्जा एरियाका थुप्रै घर परिवार विस्थापित भएका थिए । हाल माओवादीहरुले पुनस्थापित गर्ने रणनीति ल्याएका छन् तर पनि सो समयमा विस्थापित भएका बाललिकाहरुको शिक्षामा ठूलो प्रभाव परेको छ, पुनः पुरानै कक्षामा बालबालिकाहरु भर्ना भईरहेका छन् भन्ने समेत जानकारी त्यस क्षेत्रमा जनताहरुबाट टोलीले प्राप्त गरेको छ ।

**माओवादीबाट विस्थापित बालक :-**
कनका सुन्दरी मा.वि., जुम्लामा कक्षा ७ मा अध्ययनरत एकजना बालकको भनाइअनुसार २०६१ साल मंसीरमा माओवादीको सुज अभियानको कारण हामी विस्थापित भएका थियो । ३/४ महिना हामी काठमाडौंको कालिमाटि भन्ने ठाँउमा बसेका थियौ । त्यहाँ संगै डेरामा बस्ने एक जना दाईले ट्युसन पढाउनु हुन्थ्यो । पछि बुबाहरुले विभिन्न प्रयास गर्नु भए पछि हाल यहाँ फर्केर आएका हौ र यही कनकासुन्दरीमा ७ कक्षामा पढछु ।

**माओवादीद्वारा शिक्षक बिस्थापित :-**
चुलिमालिमा मा.वि.घोडेना कालिकोटका प्राधानाध्यापक पुरुषोतम खनाल माओवादी कारवाहीमा परेका, निज हाल भागेर जिल्ला बाहिर गएका, अर्को शिक्षक हाल सम्म नपठाइएकोले बिद्यार्थीहरुको पढाइमा बाधा पुग्न गएको पाइयो । उक्त समस्याका सम्बन्धमा जिल्ला शिक्षा कार्यालयमा समेत शिक्षक तथा बिद्यार्थीहरुबाट निकै आवाज उठाइएको भए पनि समस्याको समाधान नभएको जानकारी टोलीले प्राप्त गरेको थियो ।

**शिक्षकहरु सदरमुकाम जाने क्रम बढेको :-**
२०६२ साल आषाढ १५ गते माओवादीबाट राँके जुलुसमा विभिन्न विद्यालयबाट गरी अन्दाजी २००/२५० जना विद्यार्थी लगिएको, कनका सुन्दरी मा.वि.लुडु, जुम्लाबाट ६८ जना विद्यार्थी खल्लाचौर भन्ने ठाउँसम्म ४ दिन हिडाएर लगीएको, अन्दाजी ३०/३५ जना नजाने विद्यार्थीहरु माओवादी कारवाहीमा परेका र उक्त बिद्यालय ६ दिन सम्म बन्द भएको, तथा कारवाहीमा परेकाहरुलाई पहाडबाट चुन ढुङ्गा बोकाउन लगाइएको समेत जानकारी प्राप्त भएको थियो ।

## बाग्लुङ्ग

**सरकारी निकायद्वारा बाल अधिकार हनन् भएका विषयहरु**

१) **बालबालिकालाई गैरकानुनी तवरले थुनामा राखिएका विषयहरु :**

क) बालिकाहरु (डिला शर्मा र सावित्री शर्मा पौडेल) लाई आतंककारी तथा विध्वसांत्मक अध्यादेश अन्तर्गत पुर्पक्षको शिलशिलामा करीव १ बर्षदेखि थुनामा राखिएको कुरा प्रमुख जिल्ला अधिकारी तथा कारागार प्रमुखबाट स्विकार गरिएको तर कारागारबाट प्राप्त तथ्याङ्कमा उमेर खुलाइएको पाइएको थिएन ।

ख) बालकहरुलाई पुर्पक्षको शिलशिलामा पनि कारागारमा राख्न नहुने भएपनि बालकहरुलाई कारागारमा राखिएको । बालक बन्दीहरुलाई सावालक बन्दीहरुसंगै राखिएको पाइएको थियो ।

ग) कारागारभित्र पठनपाठनको लागि विद्यालय तथा पुस्तकालयको ब्यवस्था भएको पाइएन ।

२) **विद्यालयमा आक्रमण तथा द्वन्द्वमा विद्यालयको प्रयोग**

क)	शाही नेपाली सेनाबाट श्री पृथ्वी मा.वि., हरिचौरका शिक्षकहरुलाई कोठबाट बाहिर निस्कन नदिई अखिल क्रान्तिकारी विद्यार्थी संगठनको सदस्यता लिएको भन्दै केही विद्यार्थीहरुलाई लाईन लगाई पिटीएको तथा दुर्व्यबहार गरिएको भन्ने जानकारी पाइएको थियो ।

ख)	श्री गल्कोट उ.मा.वि, गल्कोटका शिक्षक देवेन्द्रबहादुर खत्रीलाई हटिया पोष्टका शाही नेपाली सेनाका जवानद्वारा पिटिएको भन्ने जानकारी दिइएको थियो ।

**नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा बाल अधिकार ज्यादती गरिएका विषयहरु**

**१)	गैरन्यायिक हत्या तथा अङ्गभङ्ग**

क)	बोहरा गाविस, ठकुरी गाँउ स्थित विद्यालयमा हतियार सहितका माओवादीद्वारा विद्यार्थीहरुसंग जिस्कदा २ जना विद्यार्थी मारिएको भन्ने जानकारी पाइएको सो सम्बन्धमा अनुसन्धान प्रक्रिया जारी रहेको छ ।

**२)	विद्यालयमा आक्रमण तथा द्वन्द्वमा विद्यालयको प्रयोग :**

क)	नेकपा (माओवादी) ले पृथ्वी मा.वि., हरिचौर, श्री गल्कोट उ.मा.वि., गल्कोट विद्यालय हाताभित्र राजनैतिक क्रियाकलाप (विद्यार्थीहरु तथा शिक्षकहरुलाई भेला गराई राजनैतिक भाषण तथा जनबादी शिक्षाका सम्बन्धमा कक्षा लिने) हरु गर्ने गरेको जानकारी पाइएको थियो ।

ख)	नेकपा (माओवादी) ले एकता आवासीय मा.वि हरिचौरमा बम विष्फोट तथा आगजनी पछि बन्द भएको पाइयो । त्यसैगरी धम्की पछि हिमालय आवासीय मा.वि., कुश्मिसेरा तथा चिल्ड्रेन लाईफ आवासीय मा.वि. कुश्मिसेरा गरी ३ वटा विद्यालयहरु बन्द भएको जानकारी पाइएको थियो ।

ग)	नेकपा (माओवादी) ले पृथ्वी मा.वि., हरिचौर, गल्कोट उ.मा.वि., गल्कोट लगायतका विद्यालयहरुमा उनीहरुको आफ्नो पाठ्यक्रम (जनबादी शिक्षा) लागु गराउनुपर्ने भन्ने दवाव दिइरहेको भन्ने जानकारी पाइयो ।

घ)	नेकपा (माओवादी) ले पृथ्वी मा.वि., हरिचौर, गल्कोट उ.मा.वि., गल्कोटका शिक्षकहरुसंग लेभीको रुपमा जवर्जस्ती चन्दा उठाएको भन्ने जानकारी पाइएको थियो ।

ङ)	श्री पृथ्वी मावि, हरिचौरका शिक्षक श्री माधव (बम) राजा मल्लको माओवादी विद्रोहीद्वारा २०५९ बैशाख २९ गते हत्या गरिएको भन्ने जानकारी प्राप्त भएको थियो ।

**३)	बालबालिकाको अपहरण :**

क)	मिति ०६२ साल ज्येष्ठ ४ तथा ५ गतेतिर माओवादीद्वारा विभिन्न विद्यालयका करीब ५०० विद्यार्थीहरुलाई अपहरण गरी आफ्नो कार्यक्रममा सहभागी गराउन लगिरहेको अवस्थामा सेनाको संयुक्त गस्तीले अपहरण मुक्त गराएको भन्ने जानकारी अनुगमनका क्रममा प्राप्त भएको थियो ।

**४)	विस्थापित बालबालिकाहरुका सम्बन्धमा :**

क)	वाग्लुङ्ग जिल्लामा विस्थापित बालबालिकाको संख्या १६७ रहेको पाइएको थियो ।

## म्याग्दी

**सरकारी निकायद्वारा बाल अधिकार हनन् भएका विषयहरु** (यहाँ सरकारी निकाय भन्नाले सुरक्षा निकाय समेतलाई लिइएको छ) ।

**१	गैर न्यायिक हत्या तथा अंगभंग :**

क)	सैनिक कारवाहीमा रौतहट घर भै अमर मावि, चिमखोला, म्याग्दीमा कार्यरत शिक्षक रामचन्द्र ठाकुरको मिति ०५९।०३।३० मा मृत्यु भएको जानकारी पाइयो । यस सम्बन्धमा आयोगको अनुसन्धान जारी रहेको छ ।

**नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा बाल अधिकार ज्यादती गरिएका विषयहरु**

**१	गैर न्यायिक हत्या तथा अंगभंग :**

क)	मिति ०५९।७०१मा महेन्द्ररत्न मावि, वरञ्जाका **प्र.अ. श्री मणिलाल शर्मा**को माओवादीद्वारा हत्या गरिएको पाइयो ।

ख)	सिंगा गाविस - ८ का बर्ष ४ का कृष्ण किसान बम खेलाउदा घाईते भएको जानकारी पाइएको थियो ।

ग)	बाल मन्दिर प्रा.वि.मा अध्ययनरत अर्थुङ्गे - १ का बर्ष खुल्न नआएका बालक कृष्णकुमार श्रेष्ठ बम विष्फोट भई घाईते भएको जानकारी पाइएको थियो ।

**२ विद्यालयमा आक्रमण तथा द्वन्द्वमा विद्यालयको प्रयोग :**

क) माओवादीद्वारा ३ वटा विद्यालयहरु न्यू वेष्ट प्वाईन्ट उ.मा.वि, लोकदीप आवासीय मा.वि. तथा गलेश्वर आदर्श बोर्डिङ्ग स्कुलमा बम विष्फोट तथा आगजनी गरी क्षति पुऱ्याएको र ४ वटा विद्यालयहरु कमिङ आवासीय नि.मा.वि., योजना आवासीय विद्यालय, निलगिरी आवासीय विद्यालय र ज्ञानज्योति आवासीय विद्यालयहरु बन्द गराइएको पाइयो ।

ख) श्री भीम मा.वि. का शिक्षकहरुलाई जवर्जस्ती मासिक १ दिन बरावरको लेभीको रुपमा चन्दा दिन बाध्य गराइएको जानकारी पाइएको थियो । माओवादीद्वारा उक्त विद्यालयमा आफ्नो पाठ्यक्रम (जनबादी शिक्षा) लागू गराउनुपर्ने भनेको जानकारीमा आएको थियो ।

ग) माओवादीद्वारा उनिहरुको राजनैतिक कार्यक्रममा भाग लिन नगएको कारण देखाई मिति ०६२ साल ज्येष्ठ ५-१६ गतेसम्म श्री मंगला उ.मा.वि., बावियाचौर बन्द गराएको जानकारी प्राप्त भएको थियो ।

घ) २०६० चैत्र ७ गतेका दिन माओवादीद्वारा म्याग्दी सदरमुकाम बेनीमा आक्रमण गर्दा सदरमुकाम स्थित ३ वटा विद्यालयहरु प्रकाश मा.वि, बेनी नि.मा.वि. तथा बालमन्दिरमा क्षति भएको पाइएको थियो ।

ङ) माओवादी विद्रोहीद्वारा श्री जनप्रिय मावि तथा श्री भीम मा.वि. देविस्थान का १२- १६ बर्ष उमेर समुहका ४ जना विद्यार्थीहरुलाई आफ्नो गतिविधीमा संलग्न गराएको पाइयो ।

**३) बालबालिकाको अपहरण :**

क) माओवादीद्वारा आफ्नो राजनैतिक कार्यक्रममा भागलिनलाई मिति ०६१ साल भदौ महिनामा श्री जनप्रिय मा.वि.का ८, ९ र १० का विद्यार्थीहरुलाई अपहरण गरि एक हप्ता सम्म हिडाइएको भन्ने जानकारी पाइएको थियो ।

## विविध

**बालबालिकाहरु विस्थापित**

क) अर्थुङ्गे गाविस वडा नं. ४ मा आर्मी क्याम्प बसेको कारण मात्र १९ जना बालबालिकाहरु विस्थापित भएको पाइएको थियो ।

ख) द्वन्द्वका कारण ग्रामिण क्षेत्रमा भएका निजी विद्यालय बन्द हुनु तथा सरकारी स्कुलमा पढाइको बातावरण नभएको कारण केही विद्यार्थीहरु परिवार छोडी विदेशिएका, सदरमुकाममा तथा अन्य जिल्लामा विस्थापित हुनुपरेको अवस्था रहेको पाइयो ।

**शिक्षकको अपहरण**

क) महेन्द्ररत्न माविका शिक्षक श्री रुद्रबहादुर रोकालाई ०५८ श्रावणदेखि २ महिनासम्म माओवादीद्वारा अपहरण गरिएको जानकारी पाइएको थियो ।

ख) अर्जुन मावि, भकुण्डेका शिक्षक टिकाबहादुर कार्कीलाई मिति ०५९।०७।२३ देखि २२ दिनसम्म माओवादीद्वारा अपहरण गरिएको भन्ने जानकारी पाइएको थियो ।

## काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक

**सरकारी निकायद्वारा बाल अधिकार हनन् भएका विषयहरु**

**१) गैर न्यायिक हत्या तथा अङ्गभङ्ग/ अंगभंग :**

क) काभ्रेजिल्लामा २०५५सालदेखि हाल सम्म १३ जना बालबालिकाहरु राज्यपक्षबाट मारिएको भन्ने जानकारी जिल्लास्थित विभिन्न गैरसरकारी संघसंस्थाबाट पाइयो । यस विषयमा विस्तृत अनुसन्धान बाँकी रहेको छ ।

**२) गैर कानूनी थुना**

क) काभ्रे जिल्लाको चौवासमा सुरक्षा कर्मीले दुईजनालाई पक्राउ गरेकामा १ जना वालक रहेको र तिनीहरुलाई कब्जामा लिई वेपत्ता पारेको जानकारी स्थानीय व्यक्तिहरुले दिएका थिए । उनीहरुलाई आयोगले धुलिखेल कारागारमा मानसिक स्थिति ठीक नभएका कैदी समक्ष राखेको पत्ता लगाई निजलाई भेटी सो सम्बन्धमा संबन्धित आफन्तलाई जानकारी दिइएको थियो ।

ख) ने.क.पा.माओबादीहरुले सिन्धुपाल्चोक जिल्लाका धुस्कुन गाबिसको एउटा १३ बर्षको थामी जातको ५ कक्षामा अध्ययनरत बच्चालाई माओबादीले अपहरण गरी लगेका त्यसको १ बर्ष पछाडि आमाले भेटेर गाउ फर्काएर ल्याई ६ कक्षामा भर्ना भएकोमा सुरक्षाकर्मीले पनि गिरफ्तार गरी निजलाई बेपत्ता पारेको र सुराकीको रुपमा

प्रयोग गरिएको भन्ने जानकारी प्राप्त भएको तर हाल सो बच्चालाई सुन्दरीजलमा राखिएको आयोगले पत्ता लगाई निजलाई भेटी संबन्धित आफन्तलाई जानकारी पठाइएको थियो ।

३) **बालबालिकालाई मानवीय सहयोग गर्नमा हेल्चेक्र्याईं गरिएका विषयहरु**

क) काभ्रे जिल्लामा ने.क.पा.माओवादीसंग सम्बन्धित पीडितका सन्तान भनी विद्यालयमा सिफारिस गरिदियो भने सेनाले दुख दिन्छन भन्ने डरले छात्रवृत्तिका लागि सिफारिस नगरेको शिक्षकवाट जानकारी पाइयो ।

ख) काभ्रे जिल्लाका ग्रामिण क्षेत्रका विद्यालयहरुमा सुरक्षाकर्मीहरु गाउँमा जाँदा विद्यालयमा कक्षा संचालन भइरहेको समयमा खाना पकाएर खाने गरेको पाइयो ।

**नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा बाल अधिकार ज्यादती गरिएका विषयहरु**

१) **गैर न्यायिक हत्या तथा अङ्गभङ्ग**

क) काभ्रे जिल्लामा ने.क.पा.माओवादीको कारणबाट ११ जना बालबालिकाहरु मारिएको जानकारी पाइयो ।

ख) मिति २०६१ साल पौष महिनामा खोपासी, काभ्रेमा ने.क.पा.माओवादीले राखेको वम विस्फोटनमा परी एक जना ९ वर्षीय **सुरज लामा** विद्यार्थीको घटना स्थलमा नै मृत्यु भएको जानकारी पाईयो । सोही घटनामा ८ वर्षीय **सञ्जय कोइराला र आले थिङ** सख्त घाइते भएको पाइयो त्यसै गरी सोही कार्तिकमा **मिन कुमार लामा**को बम विष्फोटमा परी मृत्यु भएको जानकारी पाईयो ।

ग) काभ्रेपलाञ्चोक जिल्लाको कोशी पारी सालीमे ९ का बर्ष १४ का १० कक्षामा पढ्दै गरेको एक विद्यार्थीलाई आफन्तको मलामी गएको बेला ने.क.पा.माओबादीले रुखमा पार्टीको झण्डा बाँध्न लगाएका कारण हाल सो बच्चा मानसिक रुपमा बिक्षिप्त रहेको गाँउमा बस्न नसकी काठमाण्डौ बिस्थापित भई प्राईभेट विद्यालयमा १० कक्षामा अध्ययनरत रहेको पाइयो ।

घ) सिन्धुपाल्चोक जिल्लाको पीपलडाँडामा माओवादीद्वारा प्रतिकारका नाममा तीनजना गाउँलेको विभत्स हत्या गरेको घटनापछि दक्षिणकाली प्राथमिक विद्यालय तथा विद्यालय वरिपरीका विद्यार्थीहरु एकदम त्रसित रहेको, ५० जना जति विस्थापित भएको तथा मनोवैज्ञानिक असर परेको आयोगको टोलीले स्थलगत भ्रमणवाट जानकारी पाईयो ।

२) **वालसैन्यको प्रयोग तथा भर्ना**

क) सिन्धुपाल्चोक जिल्लामा स्थानीय गाउँलेहरुको भनाइअनुसार १४ वर्ष माथिका महिला छापामारहरु समेत ने.क.पा. माओवादीमा रहेको जानकारी प्राप्त भएको थियो ।

ख) सिन्धुपाल्चोक र काभ्रेजिल्लामा स्थानियवासीका अनुसार ने.क.पा.माओवादी समूहले वाल सैन्य अर्न्तगत भरिया, चिठी ओसार पसार, सुराकी, चन्दा उठाउन र विद्युतीय धरापको तार जोड्ने जस्ता काममा संलग्न गराउने गरेको पाइयो ।

ग) स्थानीय जनताका अनुसार यी दुवै जिल्लामा ने.क.पा.माओबादीमा लागेर युद्धमा परी मृत्यु हुनेका बालबालिकालाई ने.क.पा.माओबादीले आफ्नो पार्टीमा सगै हिडाउने र तालीम प्राप्त भएपछि हतियार बोकाउने गरेको पाइयो ।

घ) सिन्धुपाल्चोक जिल्लाको पिस्कर गाविसमा मा.वि. विद्यालयको अभावले गर्दा नि.मा.वि. तह पास गरी सकेपछि विद्यालय टाढा भएकोले विद्यार्थीहरु पढ्न जान अन्यौल भइरहेको अवस्थाको फाइदा उठाई ललाई फकाई गरेर ने.क.पा. माओवादीहरुले आफ्नो पार्टीमा लाने गरेको कुरा पाइयो ।

३) **विद्यालयमा आक्रमण तथा द्वन्द्वमा विद्यालयको प्रयोग**

क) माओवादीहरुले कुन्चोक ३ को महेन्द्र माध्यामिक विद्यालयको खेल मैदानको १ सय मिटर टाढा ट्रेञ्च बनाएको र त्यसै गरी नवलपुर गाविस ४ को टाकुरे प्राविको खेल मैदानमा सुरुङ्ग खनेको स्थानिय जनतावाट जानकारी पाइयो ।

ख) सिन्धुपाल्चोकको पीपलडांडामा ने.क.पा. माओवादीले घटाएको हत्या घटना पश्चात् २ जना बृद्धमा मानसिक तनाव देखा पर्नुका साथै केही बच्चाहरुमा समेत सो देखिएको/ आयोगको टोली त्यहां पुग्नासाथ ती ८ बर्षीया बालिका डरले भागेको पाइयो । सोही गांबिसका २ जना बालबालिकाहरु थुम्पाखर मामाघरमा बिस्थापित भएकोमा हाल निजहरु विद्यालय थुम्पाखर गा.वि.स.मा नै अध्ययन गर्ने गरेको पाइयो ।

ग) ने.क.पा.माओवादीले तीन स ( सडक, सदरमुकाम र शहर)मा बिद्यालय बन्द गर्ने धम्की दिएकोले मिति २०६२ साल जेठ महिनावाटै सिन्धुपाल्चोक जिल्लाको अधिकांस विद्यालयहरु वन्द रहेको पाइयो ।

घ) ने.क.पा.माओवादीहरुले प्रत्येक शिक्षकलाई सशस्त्र संघर्षको लागि चन्दा दिन बाध्य गराएको काभ्रेपलाञ्चोकको डाँडापारी र ढुंर्खक गा.वि.स.हरुमा धेरै बालबालिकाहरुलाई ने.क.पा. माओवादीले अपहरण गरी आफ्नो कार्यक्रममा समय समयमा लाने गरेको स्थानीय वासिन्दावाट जानकारी पाइयो ।

ङ) सिन्धुपाल्चोक र काभ्रे जिल्लाका अधिकांश विद्यालयका शिक्षकहरुलाई नयाँ क्यालेण्डर अनुसार चल्नुपर्ने , जनवादी पाठ्यक्रम पढाउनुपर्ने र नियमित चन्दा दिनका लागि ने.क.पा.माओवादीहरुले बाध्य पारेकोले शिक्षकहरु ज्यादै पीडित भएको शिक्षकहरुको गुनासो पाइयो ।

च) काभ्रेको मानेदोभानमा ने.क.पा.माओवादीले भालचन्द्र प्रा.वि.का शिक्षकको घरमा वम पड्काउदा नजिकै रहेको उक्त विद्यालयको छानामा प्वाल परी हाल कक्षा कोठाहरुमा पानी चुहिरहेको पाइयो ।

छ) ने.क.पा.माओवादीहरु विद्यालयमा सशस्त्र रुपमा प्रवेश गर्ने गरेको भन्ने जानकारी पाइयो ।

४) **बालबालिकाको अपहरण**

क) काभ्रेपलाञ्चोकको डाँडापारी र ढुंर्खक गा.वि.स.हरुमा धेरै बालबालिकाहरुलाई ने.क.पा. माओवादीले अपहरण गरी आफ्नो कार्यक्रममा समय समयमा लाने गरेको स्थानीय वासिन्दावाट जानकारी पाइयो ।

**बालअधिकार हननका अन्य विषयहरु**

**अनाथ बालबालिका**

क) २०५८ सालमा सिन्धुपाल्चोक ठुलोसीरुवारीमा सुरक्षाकर्मीहरु माओबादीको रुपमा आएर ७२ वर्षका बृद्ध समेत ६ जनालाई पक्रिएर कसैलाई कुटेर, काटेर, रुखमा बाँधेर गोली हानेर मारिएको जसबाट निजका वालबच्चाहरु अनाथ एवं पीडित भएको भन्ने स्थानीय जनताहरुवाट जानकारी पाइयो ।

ख) पिस्करमा पूर्णवहादुर थामीलाई सेनाले हत्या गरेको मृतक थामीको श्रीमतीले दोस्रो विवाह गरेकोले छोरा छोरी अनाथ भएको जानकरी पाइयो ।

**जवरजस्ती विवाह तथा वालविवाह**

क) सिन्धुपाल्चोक जिल्लामा माओबादीले आफ्नो पार्टीमा लान्छन् भनेर खास गरी छात्राहरुलाई ९/१० पढ्दा पढ्दै अभिभावकहरुले बिवाह गरिदिने प्रचलन बढेको पाइयो ।

**विस्थापित बालबालिका**

क) बालअधिकारका क्षेत्रमा कार्य गर्ने स्थानीय संघ संस्थाका अनुसार काभ्रे जिल्लाका ग्रामीण क्षेत्रका अधिकांश परिवार माओबादीलाई चन्दा दिन नसक्नाका कारण शहरी क्षेत्रमा बिस्थापित हुन पुगेका जसले गर्दा उनीहरु शिक्षाबाट बञ्चित भएको देखिन्छ ।

ख) काभ्रे जिल्ला विस्थापित परिवारका बालबालिकाहरु विहान वेलुका हातमुख जोर्नको लागि घुम्ती श्रम शिबिरमा काम गर्न बाध्य रहेको पाइयो ।

**जन्म दर्ता नाम**

क) ने.क.पा.माओबादीको नाममा बाबुको हत्या भए पछि छोराछोरीको जन्मदर्ता र नागरिकतामा समस्या आउने गरेको विद्यालयवाट जानकारी पाइयो ।

## ताप्लेजुङ्ग

**सरकारी निकायद्वारा बाल अधिकार हनन् भएका विषयहरु** (यहाँ सरकारी निकाय भन्नाले सुरक्षा निकाय समेतलाई लिइएको छ) ।

**१) गैर न्यायिक हत्या तथा अङ्गभङ्ग**

क) श्री महेन्द्र माध्यमिक विद्यालय साङलुपा, फाकूम्बा कक्षा ७ मा अध्ययनरत बर्ष १३ का नाबालक नरेन्द्र लिम्बुको सुरक्षाफौजबाट चलाईएको गोलीबाट मिति २०५९/१/३० गते घटनास्थलमै मृत्यु भएको भनिएको र जिल्ला सुरक्षा समितिबाट निजलाई माओवादी भएको ठहर गरिएको भन्ने जानाकारी प्राप्त भएको छ । यसमा आयोगको अनुसन्धान जारी रहेको छ ।

ख) आमखोप गा.वि.स. बडा न ४ बस्ने चन्द्र कडेरीया (सि.पी.कडेरीया) जसको नाम अनेरास्वययू क्रान्तिकारीका सी.पी. कडेरीयासंग मिलेको कारण सुरक्षाफौजले पक्राउ गरेकोमा २०५९ साल मसिंर महिनामा हत्या गरेको भन्ने जानाकारी गराइएको थियो । सो विषयमा विस्तृत अनुसन्धान वाँकी नै रहेको छ ।

**२) विद्यालयमा आक्रमण तथा द्वन्द्वमा विद्यालयको प्रयोग**

क) सुरक्षाकर्मीहरु सर्च अप्रेशनमा जादाँ नियमित रुपमा राती विद्यालयमा नै बस्ने गरेको जसका कारण विद्यार्थीहरुमा भयको वातावरण सृजना भएको जानकारी प्राप्त भएको थियो ।

**३) बालबालिकालाई गैरकानुनी तवरले थुनामा राखिएका विषयहरु :**

क) ताप्लेजुङ्ग जिल्ला फुरुम्बु गा.वि.स वडा नं २ वस्ने एक सर्वसाधारणकी १५ वर्षीय छोरी वर्षा हाल मोरङ्ग कारागार थुनामा रहेको पाइयो ।

ख) मिति २०६१/०३/१४ गते मानवरा नि.मा.वि. स्कूलवाट छुट्टी भई घर फर्किरहेका १४ वर्षीय पासाङ्ग तेम्बा शेर्पालाई करीब ४ बजे ने.क.पा. माओवादीको एक समूहले अपहरण गरी लगेको र निजले ५ महिना माओवादी गतिविधिमा संलग्न रही उनीहरुको निर्देशनमा काम गरिरहेको क्रममा मिति २०६१/९/२० गते आत्मसमर्पण गर्न सदरमुकाममा आइरहेको बेला सुरक्षाफौजले पक्राउ गरेको र हाल कारागारमा थुनामा रहेको पाइयो ।

ग) कक्षा ४ मा पढने १४ बर्षीय विद्यार्थीलाई मिति २०६१/०४/१४ गते ने.क.पा. माओवादीले जुगेटार प्रा.वि. बाट अपहरण गरी लगेकामा करिव छ महिनापछि ने.क.पा माओवादीको कब्जाबाट भागी आत्मसमर्पण गर्न आइरहेको बेला सुरुक्षाफौजले पक्राउ गरी सिस्नो पानी लगाई कुटपीट गर्ने गरेको र हाल निज कारागारमा गैरकानुनी थुनामा रहेको पाइयो ।

घ) १५ वर्षीय बालक मिति २०६१/०९/१९ गते सदमुकामबाट दिदीको विवाहको लागि चामल लिएर फर्कदै गर्दा दुईजना सादा पोशाकको मान्छेले पेस्तोल र छुरी देखाएर त माओवादीबाट भागेर आएको हो कि होइन ? छिटो भन् भन्दै क्याम्पमा जिम्मा लगाएर गएकोमा हालसम्म पनि कारागारमा थुनामा रहेको पाइयो ।

ङ) कक्षा ४ मा पढने १५ वर्षिय केशव शर्मालाई २०६१ असारमा न्यूगरादिनबाट ने.क.पा. माओवादीले अपहरण गरी लगेकोमा ५ महिनासम्म ने.क.पा. माओवादीसंग बस्दा एकपटक चाँगेमा एम्बुस राख्न लगाएको थियो । मिति २०६१ मंसिर २४ गते चाँगेमा संयुक्त सुरक्षाफौजबाट पक्राउ परेपछि सुरक्षाफौजले पनि ४/५ दिन मान्छे चिनाउन गाँउ डुलाई हिरासतमा ल्याई कुटपिट गरी हाल कारागारमा थुनामा रहेको पाइयो ।

च) कक्षा ८ पढने सन्तविर लिम्बु लगायत १९ जनालाई ने.क.पा. माओवादीले तीन महिनाको कार्यक्रममा फुरुम्वु माध्यामिक विद्यालयबाट अपहरण गरी लगेकोमा २०६१/०२/०७ गते सुरक्षाकर्मीको गस्तीमा आएको टोलीले पकाउ गरी मिति २०६१/०२/०८ मा मलाई जिल्ला प्रहरी कार्यालयल्याई १३ गते कारागारमा नजरवन्दमा राखेकोमा मिति २०६१/१२/३ गते मलाई छोडि दिएकोमा पुन : ७ गते पक्राउ गरी हाल कारागारमा थुनामा रहेको पाइयो ।

छ) लिङतेप गा.वि.स. वडा न. ४ मा बस्ने अन्दाजी १४ वर्षीय पेम्बा भन्ने फुर्पा शेर्पालाई ने.क.पा. माआवादीले निजको अभिभावकसंग चन्दा माग्दा दिन नसकेको कारण निज बालकलाई हातमा डोरीले बाँधेर लगेकोमा यही २०६२ असारमा भागेर सदरमुकाममा आत्मसम्पर्ण गर्न आएकोमा प्रहरी हिरासतमा राखिएको पाइएको थियो ।

**नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा बाल अधिकार ज्यादती गरिएका विषयहरु**

**१) गैरन्यायिक हत्या तथा अङ्गभङ्ग**

क) ने.क.पा. माओवादीले कालिका मा.वि.का शिक्षक तथा विधार्थीहरु समेतलाई अपहरण गरी आफ्नो कार्यक्रममा सहभागी गराउन तेल्लक गा.वि.स.मा लगेकोमा स्थानिय धान कुट्ने मिलको आवाजलाई सुरक्षाफौजको हेलिकप्टर आएको भान परी सबैजना भाग्दा नाम्खुल्याङ्ग–८ को नन्दलाल राईकी अन्दाजी १४ वर्षीय छोरी **कविता राईको** खुट्टा भाँचिएकोमा निजलाई गाउँलेहरुको सहयोगबाट सदरमुकाम ल्याई सुरक्षाफौजको सहायताबाट उपचार गराएको जानकारी प्राप्त भएको थियो ।

**२) बालसैन्यको प्रयोग तथा भर्ना**

क) मिति २०६१/०३/१४ गते मानवरा नि.मा.वि. स्कूलवाट छुट्टी भई घर फर्किरहेका १४ वर्षीय बालकलाई करीब ४ बजे ने.क.पा. माओवादीको एक समूहले अपहरण गरी विभिन्न ठाउँमा डुलाई, विभिन्न प्रकारका हातहतियार चलाउने ट्रेनिङ्ग, सेन्ट्रि बसाउने काम गराउदै आइरहेको अवस्थामा घरको स्थिति राम्रो नभएको कारण देखाई आफनो घरमा आएकै दिन पुनः ने.क.पा .माओवादीहरुले घरबाट लगेको जानकारी पाइएको थियो । स्थानीय व्यक्तिको भनाइअनुसार १३/१४ बर्षको धेरै बालबालिकाहरु अहिले पनि ने.क.पा. माओवादीको कब्जामा रहेको जसमध्ये एक विद्यार्थीले चिनेका निजका दुई जना साथीहरुलाई माओवादीले नै प्रयोग गरिरहेका छन् ।

ख) ने.क.पा. माओवादीद्वारा मिति २०६१/०९/१२ गते **साँवा मा.वि** बाट वालकहरु सहित ६५ जनालाइ झण्डा बोकाई ने.क.पा माओवादी जिन्दावाद भन्ने नारा लगाउन लगाएर सावादिन गा.वि.स.मा लगी नाचगान र प्रशिक्षण कार्यक्रममा सहभागी बनाएको जानकारी पाइयो । अहिले पनि सोही दिन अपहरणमा परेका ३ जना बालकहरु माओवादीको कब्जामा रहेका छन् भन्ने जानकारी पाइएको थियो ।

**३) विद्यालयमा आक्रमण तथा द्वन्द्वमा विद्यालयको प्रयोग**

**क) महेन्द्र मा.वि.फाकुङ्गा**को भवन तथा **बाझे प्रां.वि**.को बेन्च र डेस्क ने..क.पा. माओवादीद्वारा जलाइएको पाइएको थियो ।

ख) मिति २०६१/१२/१३ गते **श्री नव ज्योति बोर्डिङ्ग स्कुलमा** एस.एल.सी. परीक्षाको परीक्षा केन्द्र राखिएको विषयलाई लिएर ने.क.पा. माओवादीद्वारा एस.एल.सी. परिक्षाको ठीक अघिल्लो दिन बेलुका १० बजे शिक्षक तथा विद्यार्थीहरुलाई नियन्त्रणमा लिई १२ कोठा भएको दुई तल्ले भवनमा वम विष्फोटन तथा आगो लगाएर पूर्ण रुपमा ध्वस्त वनाएको पाइयो ।

ग) ने.क.पा. माओवादिहरु द्वारा सरस्वती मा.वि.लेलेपे विद्यालय कम्पाउन्ड भित्र दुइबटा र बाटो छेउहरुमा प्रशस्त मात्रामा बङकर खनेको पाइएको थियो ।

घ) विद्यालयहरुको नाम परिवर्तन गर्ने गरेको जस्तै सरस्वती मा.वि.हाम्पाको **बहादुर**, वीरेन्द्र मा.वि.देउलिङ्ग फुङ्गलिङ्ग को **मेनुका**, सेवा लुम मा.वि इखाबुको **पन्नाराज** नाम राखेको, करिब ३० प्रतिशत विद्यालयहरुको नाम आफ्ना मृतक कार्यकर्ताको नाउमा परिवर्तन गरेको भन्ने जानाकारी प्राप्त भएको थियो ।

ङ) ने.क.पा. माओवादिले विद्यालयमा पर्चा, पम्पलेट पोस्टर हरु टाँस्ने तथा झण्डा गाड्ने कार्यमा विद्यार्थीहरु र शिक्षकहरुसंग पनि सहयोग लिने गरेको जानकारी पाइएको थियो ।

च) विद्यालयका शिक्षकहरु तथा विद्यार्थीहरुलाई ने.क.पा. माओवादीहरु विद्यालय कक्षमा प्रवेश गरी जनयुद्ध सम्बन्धि तालिम तथा बालबालिकाहरुलाई पिटि खेलाउने तथा समय समयमा सर्वसधारण जनता, स्थानीय प्रतिनिधि तथा गाँउलेहरुलाई विभिन्न कार्यक्रममा सहभागी गराई तालिम दिने गरेको भन्ने जानकारी पाइयो ।

छ) ने.क.पा. माओवादीको हड्ताल तथा बन्दको कारणले नियमित रुपमा विद्यालयहरु सञ्चालन नहुने गरेको पाईयो भने सदरमूकाम बाहेक गाउँ स्तरीय सम्पुर्ण बोर्डिङ्ग स्कूलहरु बन्द अवस्थामा रहेको भन्ने जानकारी पाईयो ।

**४) बालबालिकाको अपहरण :**

क) ताप्लेजुङ्ग जिल्ला फुरुम्बु गा.वि.स वडा नं २ वस्ने **एक व्यक्तिसंग** माओवादीले एकलाख देखि दुईलाखसम्म चन्दा माग गरेको र सो माग बमोजिम चन्दा दिन नसक्दा निजकी १५ वर्षीय छोरीलाई अपहरण गरी लगेको भन्ने जानकारी पाइएको थियो ।

ख) मिति २०६१/०३/१४ गते मानवरा नि.मा.वि. स्कूलवाट छुट्टी भई घर फर्किरहेका १४ वर्षीय बालकलाई करीब ४ बजे ने.क.पा. माओवादीको एक समूहले अपहरण गरी लगेको । निजको भनाइअनुसार १३/१४ बर्षको धेरै बालबालिकाहरु अहिले पनि ने.क.पा. माओवादीको कब्जामा रहेको जसमध्ये निजले चिनेको निजको साथी माओवादी कब्जामा रहेका छन् ।

ग) कक्षा ४ मा पढने १४ बर्षीय **बालकलाई** मिति २०६१/०४/१४ गते ने.क.पा. माओवादीले जुगेटार प्रा.वि. बाट अपहरण गरी लगेको भन्ने जानकारी पाइएको थियो ।

घ) कक्षा ४ मा पढने १५ वर्षीय **बालकलाई** २०६१ असारमा न्यूगरादिनबाट ने.क.पा. माओवादीले अपहरण गरी लगेको भन्ने जानकारी पाइएको थियो ।

ङ) कक्षा ८ पढने **विद्यार्थी** लगायत १९ जनालाई ने.क.पा. माओवादीले तीन महिनाको कार्यक्रममा फुरुम्वु माध्यामिक विद्यालयबाट एक बजेको छुट्टिको समयमा भलिवल खेलिरहेको बेला अपहरण गरी लगेको भन्ने जानकारी पाइएको थियो ।

च) लिङतेप गा.वि.स. वडा न. ४ मा बस्ने अन्दाजी १४ वर्षीय बालकलाई ने.क.पा. माआवादीले निजको अभिभावकसंग चन्दा माग्दा दिन नसकेको कारण निज बालकलाई हातमा डोरीले बाँधेर लगेको भन्ने जानकारी पाइएको थियो ।

छ) ने.क.पा. माओवादीद्वारा मिति २०६१/०९/१२ गते **साँवा मा.वि** बाट वालकहरु सहित ६५ जनालाई झण्डा बोकाई ने.क.पा माओवादी जिन्दावाद भन्ने नारा लगाउन लगाएर सावादिन गा.वि.स.मा लगी नाचगान र प्रशिक्षण कार्यक्रममा सहभागी बनाएको भन्ने जानकारी पाइएको थियो ।

## जिल्ला: पाँचथर

**सरकारी निकायद्वारा बाल अधिकार हनन् भएका विषयहरु**

**१) गैर न्यायिक हत्या तथा अङ्गभङ्ग**

क) १४ वर्षीय लोकेन्द्र लक्समलाई २०६०/१२/१२ गते बारीमा काम गरी घर फर्कदै गर्दा नागी गा.वि.स वडा नं १ स्थित कालीमाटी खोल्सामा आइपुग्दा संयुक्त सुरक्षा फौजले पक्राउ गरी मारिएको भन्ने जानकारी प्राप्त भएको थियो र हाल यो विषयमा आयोगले अनुसन्धान गरिरहेको छ ।

ख) मिति २०६१/०५/०४ गते १७ वर्षीय छात्र काम्बाङ्ग र १५ वर्षीय बिनय भन्ने चन्द्रवीर काम्वाङ्गलाई सुरक्षा फौजले पक्राउ गरी मारेको भन्ने जानाकारी प्राप्त भएको र आयोगबाट अनुसन्धान गरिरहेको छ ।

**२) बालसैन्यको प्रयोग तथा भर्ना**

क) सुरक्षाफौजसंग आत्मसमर्पण गरेका तथा सुरक्षा अपरेशनका कममा उद्धार गरी ल्याइएका वालावालिकाहरुलाई पुनः सुरक्षाकर्मीले सूचना संकलन कार्यको लागि प्रयोग गर्ने गरेको भन्ने जानकारी प्राप्त भएको थियो ।

**३) विद्यालयमा आक्रमण तथा द्वन्द्वमा विद्यालयको प्रयोग**

क) च्याङथापु गा.वि.स. वडा नं ९ स्थित **श्री विष्णु मा.वि.** को परिसरमा विगत दुई वर्ष देखी सुरक्षा फौजको बेस क्याम्प रहेकोले शैक्षिक वातावारण तथा नावालक विद्यार्थीलाई नकरात्मक असर परेको भन्ने जानकारी प्राप्त भएको थियो ।

ख) सुरक्षाकर्मीहरु सुरक्षा कारवाहीमा जाँदा प्राय विद्यालयमा नै वास बस्ने गरेको जसले गर्दा विद्यार्थीहरुमा त्रासको वाताबरण उत्पन्न भएको भन्ने जानाकारी पाइयो ।

**४) बालबालिकालाई गैरकानुनी तवरले थुनामा राखिएका विषयहरु तथा बालबालिकाको अपहरण**

क) पाँचथर कारगारमा १८ वर्ष मुनिका ३ जना महिलाहरु राखिएको पाईयो ।

**नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा बाल अधिकार ज्यादती गरिएका विषयहरु**

**१) गैर न्यायिक हत्या तथा अङ्गभङ्ग**

क) २०६१ सालमा बेवारिसे अवस्थामा रहेको सकेट बम खेलाउँदा फाक्तेप गा.वि.स वडा नं ५ का एकै घरका ५ वर्ष भन्दा कम उमेरका दुई नावालकको मृत्यु भएको भन्ने जानाकारी प्राप्त भएको थियो ।

ख) मिति २०६१ पुस १० गते विहान आङथोपे डुम्ब्रेबोटे भन्ने ठाउँमा घास काटिरहँदा वेवारिसे अवस्थामा रहेको बम विस्फोटमा परी एकतिन गा.वि.स.का १३ बर्षीय सोमबहादुरको दायाँ खुट्टामा गम्भीर चोट लागेको जानकारी प्राप्त भएको थियो ।

ग) ने.क.पा. माओवादीले मिति २०५८ चैत्र ८ गते प्राबुम्वो का.लि.का. मा.वि का शिक्षक लेखनाथ गौतमलाई मेमेङ्गबाट अपहरण लगे पश्चात विभिन्न यातनाका साथ शरीरमा मट्टितेल खन्याई आगो लगाई मारेको भन्ने जानकारी प्राप्त भएको थियो ।

घ) धुवाखोला प्रा.वि का शिक्षक ओमनारायण अधिकारीलाई माओवादीद्धारा हत्या गरिएको भन्ने जानकारी प्राप्त भएको थियो ।

**२) बालसैन्यको प्रयोग तथा भर्ना**

क) ने.क.पा. माओवादीहरुबाट सूचना अदान प्रदान गर्ने मोबाइल टोलीको रुपमा , सेन्ट्रि बस्ने काममा, भरीयाको रुपमा, खाडल खन्ने काममा , चन्दा संकलन गर्ने कार्यमा बालवालिकाको प्रयोग भएको भन्ने जानकारी पाइएको थियो ।

**३) विद्यालयमा आक्रमण तथा द्वन्द्धमा विद्यालयको प्रयोग**

क) प्राङवुङ्ग गा.वि.स. स्थित **श्री जयनरायण आर्दश मा.वि. महेलबोटे** , आङसराङ्ग र फाक्तेप गा.वि.स. स्थित **श्री जनकल्याण मा.वि. कोल्बुङ्ग विद्यालयको भवन** ने.क.पा माओवादीद्वारा ध्वस्त गराएको भन्ने जानाकारी प्राप्त भएको थियो ।

ख) सदरमूकामका वोर्डिङ्ग स्कूलहरु बाहेक गाउँस्तरीय **१४ वोर्डिङ्ग स्कूलहरु** माओवादी धम्कीका कारण बन्द रहेको पाइयो ।

ग) विद्यालय परिसर तथा गाउँको चौबाटोमा **भी** अकार र **एल** आकारको वङकर तथा विद्यालयहरुको नाम मृतक माओवादी कार्यकर्ताको नामवाट परिर्वतन गरिएको भन्ने जानकारी पाईयो । जस्तै (भारपा विद्यालयको नाम आमा राखेको पाइएको थियो ) ।

घ) ने.क.पा. माओवादीले २०६२/०३/२३ गते शिक्षक गोपाल प्रसाद न्यौपानेलाई अपहरण गरेर लगेको जानाकारी प्राप्त भएको थियो ।

**४) बालबालिकालाई मानवीय सहयोग गर्न अस्विकार गरिएका विषयहरु :**

क) बालबालिकाको स्वास्थ्य सम्बन्धि नियमित दादुराको खोप प्रभावकारी रुपमा संचालन भइरहेको भए पनि समय समयमा ने.क.पा.माओवादिहरुले राखेको नाकाबन्दी, बन्द कार्यक्रम तथा जवरजस्ती चन्दा असुलीको विषयमा लिएर हुने गरेको हडताल जस्ता अवरोधका कारण उपस्वास्थ्य चौकीमा औषधि ओसार पोसार गर्ने कार्यमा ढिलाइ हुने गरेको जानाकारी प्राप्त भएको थियो ।

## भापा

**नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा बाल अधिकार ज्यादती गरिएका विषयहरु**

**१) बालसैन्यको प्रयोग तथा भर्ना**

क) ने.क.पा. माओवादीले १० वर्ष भन्दा माथिका बालकालिकाहरुलाई सूचना अदान प्रदान तथा भरियाको रुपमा बढी प्रयोग गर्ने गरेको भन्ने जानकारी प्राप्त भएको थियो ।

२) **विद्यालयमा आक्रमण तथा द्वन्द्वमा विद्यालयको प्रयोग**

क) ने.क.पा.माओवादीद्वारा बंङकर मनौबैज्ञानिक युद्ध हो भन्दै, विद्यालय तथा अन्य चौबाटो भएको ठाउँमा, खाडल खन्ने गरेकोमा हाल आएर त्यस्ता गतिविधिहरु नदेखिएको जानकारी सर्वसाधारण बाट प्राप्त भएको थियो ।

ख) शिक्षक शिक्षिकाहरुको विदाका दिनको तलब ने.क.पा. माओवादीद्वारा जवरजस्ती चन्दा स्वरुप लिने गरेको भन्ने जानाकारी पाइएको थियो ।

ग) जिल्ला शिक्षा कार्यालयबाट अनुमति लिएका ८ वटा निजी विद्यालय लगाएत अनुमति नलिएका सबै निजी बोर्डिङ्ग स्कूलहरुलाई ने.क.पा. माओवादीद्वारा बन्द गराइएको पाइयो ।

घ) ने.क.पा. माओवादीले **दुई निजी विद्यालयलाई** जलाएको भन्ने जानकारी प्राप्त भएको थियो ।

ङ) समय समयमा ने.क.पा. माओवादीको बन्द आव्हवानले गर्दा विद्यालयहरु नियिमित रुपमा संचालन हुन नसकी बिद्यालयको पाठ्यकम समयमै नसकिने गरेको जानकारी पाइयो ।

# प्राप्त तथ्यहरुको विश्लेषण

## सरकारी निकायसँग सम्बन्धित मानव अधिकार हननका घटनाहरुको विश्लेषण र निष्कर्ष

माथि तथ्यको विवरण खण्डमा उल्लेख गरिए अनुरूप बाल अधिकार अनुगमनका क्रममा सुरक्षा फौजद्वारा विभिन्न जिल्लाहरुमा केही गैरन्यायिक हत्या भनी आरोप लागेको पाइएको; धेरै बालबालिकालाई सेनाको व्यारेक तथा कारागारहरुमा राखिएको; कानुनबमोजिम बालबालिकालाई प्रदान गर्नुपर्ने सहयोगमा हेलचेक्र्याईं भएको तथा द्वन्द्व प्रभावित बालबालिकाको यथार्थ तथ्याङ्क नराखिएको; विद्यालयलाई द्वन्द्वका क्रममा प्रयोग गरिएको; कतिपय विद्यालय परिसरमा सुरक्षा फौजको बेशक्याम्प राखिएको पाइएको छ । कतिपय ठाउँमा बालबालिकालाई सुरक्षा निकायले सूचना आदानप्रदान गर्ने कार्यमा प्रयोग गरिएको पाइएको थियो ।

यसरी सुरक्षाकारवाहीमा जाँदा अपनाउनुपर्ने सावधानी तथा पक्राउ गरिसकेपछि कानुनबमोजिम कारवाही गर्नुपर्ने व्यवस्था हुँदाहुँदै पनि विद्यार्थीहरु मारिन पुगेकोले उनीहरूको जीवनकै अधिकार हनन हुन पुगेको छ । साथै बालबालिकाहरुलाई कानुनबमोजिम बालसुधार गृहमा राख्नुपर्नेमा सो नगरी माओवादीद्वारा जवर्जस्ती अपहरणमा परी त्यहाँबाट फुत्केर आत्मसमर्पण गर्न आएका बालबालिकाहरुलाई समेत पक्राउ गरी कारागारमा राख्नाले उनीहरुको संविधान, बालअधिकार महासन्धि तथा बालबालिका ऐन तथा नियमावलीले प्रदान गरेका हकअधिकारहरुको उल्लंघन हुन पुगेको अवस्था छ । द्वन्द्वपीडित बालबालिकाहरुको आबश्यक तथ्याङ्क राखी उनीहरुलाई सहयोग तथा संरक्षण प्रदान नहुनाले विद्यालय छाड्ने, बालश्रमका रूपमा स्वेदेश तथा भारतीय सहरहरूमा जाने क्रम अत्याधिक बढेको पाइएको छ । सुरक्षा फौज सुरक्षाकारवाहीमा जाँदा विद्यालयको प्रयोग गरिने र कतिपय ठाउँमा सुरक्षा क्याम्प हालसम्म पनि रहिरहेको अवस्था भएकोले बालबालिका शान्ति क्षेत्र हुन भन्ने मान्यता विपरितका काम हुन पुगेको छ । यसले पनि विद्यार्थीहरुलाई निर्भयतापूर्वक अध्ययन गर्ने बातावरण सरकारी निकायबाट हुन सकेको छैन ।

माथि उल्लिखित कार्यहरुले नेपाल अधिराज्यको संविधान २०४७ बमोजिमका बालबालिकाका मौलिक हक तथा सम्मानित सर्वोच्च अदालतबाट बालबालिकाका मुद्दाहरुमा भएको आदेशको समेत पूर्ण पालना हुन सकेको छैन । शाही नेपाली सेनाले जारी गरेको मानव अधिकार निर्देशिकामा उल्लेख गरिएको न्यूनतम बलको प्रयोग हुनुपर्ने निर्देशनको पनि पर्याप्त मात्रामा पालना भएको देखिएन ।

यसका अतिरिक्त सर्बोच्च अदालतद्वारा बालबालिकालाई कारागारमा नराख्ने भनी सरकारी निकायलाई दिएको परमादेशको पालना हुन सकेको छैन । बालबालिका सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा ३ ले बालबालिकाको उच्चतम हितलाई ख्याल गर्नुपर्ने, धारा ३८ र ३९ बमोजिम बालबालिकालाई सुरक्षा स्याहार तथा पुनर्स्थापना गर्नुपने राज्यको दायित्वअनुरूपका कार्यहरू भएको छैन । बालबालिका सम्बन्धी ऐनको दफा १५ बमोजिम बयस्क कैदीसंगै राख्न नहुने प्रावधानका विपरित हुन गएको छ ।

## माओवादीसंग सम्बन्धित मानव अधिकार ज्यादतीका घटनाहरुको विश्लेषण र निस्कर्ष

माथि तथ्य खण्डमा उल्लेख गरिएअनुरूप बाल अधिकार अनुगमनका क्रममा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा बाल अधिकार ज्यदती गरिएका प्रशस्तै घटनाहरु पाइए । प्रत्येक जिल्लामा विद्यार्थीहरुलाई जवर्जस्ती अपहरण गरी लिएर गएको तथा जवर्जस्ती पूर्णकालीन कार्यकर्ता बन्न बाध्य पारिएको पाइएको छ । छोटो अनुगमनका क्रममा पनि दार्चुला र बझाङ्ग जिल्लाका १४ वटा भन्दा बढी विद्यालयका विद्यार्थीहरु १ दिनदेखि ३ महिनासम्मको अभियानमा अपहरण गरी लिएर गएको, कतिपय विद्यार्थीहरु अपहरण भएको केही दिनपछि भागेर आउँदै गरेको पनि भेटिएको थियो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का कार्यकर्ताले बेवारिसे बम जथाभावी छाडिदिनाले धैरै बालबालिकाको अङ्गभङ्ग हुन पुगेको तथा कतिपयको मृत्यु भएको पाइयो । यस्तै बालबालिकालाई मानव ढालको रुपमा प्रयोग गरिएको; बालबालिकालाई सशस्त्र द्वन्द्वसंग सम्बन्धित कामहरु लगाइएको; बालबालिकालाई जवर्जस्ती बालसैन्यको रुपमा प्रयोग गरेको; माओवादीको कार्यक्रममा नजाने बालबालिकालाई श्रम सजाँयस्वरूप ढुङ्गा आदि गह्रौं भारी बोकाई सजायँ दिइएको; बालबालिकालाई जोखिमपूर्ण कामहरु गर्न बाध्य पारिएको; विद्यालयमा सशस्त्र कार्यक्रम गर्नाले विद्यालय छाड्ने र विस्थापित हुने क्रम बढेको; हातहतियार सहित बालबालिकासंग माओवादी कार्यकर्ता जिस्किंदा हतियार पड्कन गई विद्यार्थीहरू मारिएको; निजी विद्यालयहरुमा आगजनी र विष्फोटक पदार्थ पड्काइ ध्वस्त पारिएको; निजी विद्यालयहरू बन्द गराइएको; शिक्षकहरूको हत्या गरिएको; विस्थापित हुन बाध्य पारिएका तथा अपहरण गरिएको; जवर्जस्ती चन्दा तथा लेभी उठाइएको; विद्यालय निर्माणको रकमबाट पनि प्रतिशतका हिसावले चन्दा उठाएको; चन्दा दिन नसक्ने अभिभावकका छोराछोरीलाई अपहरण गर्ने गरिएको; विद्यालय परिसरमा **A, B, C, D, O, P, Q, R, U,** आकारका ट्रेन्च खनेको र मनोबैज्ञानिक त्रास फैलाएको; माओवादीद्वारा सर्वसाधारणलाई भौतिक तथा आर्थिक कारवाही गरिएको लगायतका सूचनाहरु सार्वजनिक विद्यालयमा टाँस्ने गरिएको र बालबालिका शान्ति क्षेत्र हुन भन्ने सर्वस्वीकृत मान्यताका विपरितका कार्यहरु गरिएको पाइएको थियो ।

माथि उल्लिखित कार्यहरु जेनेभा महासन्धिको साझा धारा ३ तथा ने.क.पा. माओवादीका अध्यक्ष प्रचण्डद्वारा जारी विज्ञप्तिमा मिति २०६० चैत्रमा अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानुनको पूर्ण पालना गर्ने भनी जनाएको प्रतिबद्धताका विपरितका कार्यहरु हुन पुगेका छन् । यी कार्यहरुले नेपाल कम्युनिष्ट पार्टी (माओवादी) पार्टीमा आदेश संरचना **Command structure** को पूर्ण पालना हुन नसकेको देखाएको छ । ने.क.पा. माओवादीले जेनेभा महासन्धिको साझा धारा ३ (घ) मा उल्लिखित "सभ्य समाजद्वारा अपरिहार्य भनी मान्यताप्राप्त सबै न्यायिक प्रत्याभूतिहरु प्रदान गर्ने नियमित प्रक्रियाद्वारा गठित अदालतक पूर्व निर्णयबेगर सजाँय तोक्ने र कार्यान्वयन गर्ने कार्य जुनसुकै अवस्थामा पनि गर्न नहुने" प्रावधानका विपरितका कार्यहरु गरेको अवस्था विद्यमान छ ।

जेनेभा महासन्धिको साझा धारा ३ ले व्यवस्था गरेअनुसार यो महासन्धिका कुनै पनि पक्षराष्ट्रको भूमिमा अन्तर्राष्ट्रिय प्रकृति नभएको सशस्त्र संघर्षको स्थितिमा युद्धरत हरेक पक्ष देहायका प्रावधानहरु न्युनतम रुपमा लागू गर्न बाध्य हुनेछन् भन्ने अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रावधान विपरितका कार्यहरु तथा आँफैले समय समयमा जारी गरेका अन्तर्राष्ट्रिय कानुन पालना प्रतिको प्रतिवद्धता उल्लंघन गरिरहेको अवस्था विद्यमान रहेको पाइएको छ ।

## सिफारिस

**क) रक्षा मन्त्रालय**

- सुरक्षा निकाय सुरक्षा कारवाहीमा जाँदा अत्याधिक बलको प्रयोग तथा नियन्त्रणमा लिइसके पछि पनि हत्या गरिएको बुझिन आएकोले सो सम्बन्धमा अनुसन्धान गरी आबश्यक कारवाही गर्न र आयोगलाई समेत जानकारी गराउन ;
- कुनै पनि अवस्थामा बालबालिका जम्मा भएको ठाउँमा गोली नचलाई पक्राउ गर्नुपर्ने भएमा पक्राउ गर्ने र पक्राउमा परेका बालबालिकालाई कानुनबमोजिम कारवाही चलाउने निकायमा पठाउने व्यवस्था तत्काल मिलाउन ;

- कतिपय स्थानमा बालबालिकालाई सैनिक व्यारेकमा राखिएको पाइएकोले तत्काल बालसुधार गृहमा हस्तान्तरण गर्न ;
- कतिपय ठाउँमा विद्यालय परिसरमा सैनिक व्यारेक राखिएको पाइएकोले तत्काल व्यारेकलाई अन्यत्र सार्न ;
- सशस्त्र द्वन्द्वको प्रयोजनका लागि बालबालिकालाई कुनै पनि हालतमा प्रयोग नगर्न ;
- बालबालिका शान्तिक्षेत्र हुन भन्ने मान्यतालाई व्यवाहारिक रूपले कार्यान्वयन गर्न ;
- नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट कब्जा वा अपहरण वा अन्य हिसावले नियन्त्रणमा लिएपछि विभिन्न प्रक्रिया वा माध्यमबाट मुक्त भएका बालबालिकाको निर्भयतापूर्वक शिक्षा हासिल गर्ने बातावरण सुनिश्चित गर्न ;

ख) **गृह मन्त्रालय**

- अनुगमन गरिएका अधिकांश जिल्लाहरूमा बालबालिकालाई पक्राउ गरी बयस्क कैदीसंगै एकै ठाउँमा कारागारमा राखिएको पाइएकोले उक्त कार्य सर्वोच्च अदालतको आदेशको समेत विपरित हुन गएकोले बालसुधार गृहमा स्थानान्तरण गर्न ;
- बालबालिकासंग सम्बन्धित अभियोगलाई अग्राधिकार दिई तत्काल अदालती सुनुवाइको प्रक्रियामा लैजान;
- नेपाल कम्युनिष्ट पार्टी (माओवादी) तर्फबाट भएका हत्याका सम्बन्धमा तहाँबाट आबश्यक अनुसन्धान हुन र सो सम्बन्धमा आयोगलाईसमेत जानकारी गराउन ;
- नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट कब्जा वा अपहरण वा अन्य हिसावले नियन्त्रणमा लिएपछि विभिन्न प्रक्रिया वा माध्यमबाट मुक्त भएका बालबालिकाहरुलाई निर्भयतापूर्वक शिक्षा हाँसिल गर्ने बातावरण सुनिश्चित गर्न ;

ग) **शिक्षा मन्त्रालय,**

सुरक्षाफौजद्वारा मारिएका शिक्षक **कुमार सिंह धामी**को चौमासिक तलव हालसम्म पनि शिक्षा कार्यालयले निकासा नगरिदिएको पाइएकोले सो तत्काल निकासा गर्न र जुनसुकै हिसावले मारिएका भए पनि कानुन बमोजिम पाउनुपर्ने रकम अविलम्ब निकासा हुने व्यवस्था गर्न ;

घ) **महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

- द्वन्द्वपीडित बालबालिका तथा उनीहरुको परिवारको बास्तविक तथ्याङ्क जिल्लामा राख्न लगाई बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न युनिसेफ लगायतका संयुक्त राष्ट्र संघीय निकायसमेतको सहयोगमा तत्काल कार्यक्रम अगाडि लैजान;

ङ) **केन्द्रीय बालकल्याण समिति, जिल्ला बाल कल्याण समिति**

- जिल्ला बालकल्याण समिति र केन्द्रीय बाल कल्याण समिति बीच समन्वय तत्काल समन्वय हुन; जिल्ला बालकल्याण समितिले बालबालिका नियमावलीको नियम ९ मा तोकिएको कर्तव्यअनुसार तत्काल जिल्लाका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्न र  खास गरी द्वन्द्व प्रभावित बालबालिकाका लागि कार्यक्रम तय गर्न;
- अर्थ मन्त्रालय, गृह मन्त्रालय, शिक्षा मन्त्रालय तथा राष्ट्रिय योजना आयोगको समेत समन्वयमा विगतमा सैन्य प्रयोजनका लागि उपयोग गरिएका बालबालिकालाई समाजमा एकीकरण गर्न उनीहरुको भौतिक, शारीरिक, मनोवैज्ञानिक तथा आध्यात्मिक अभिरुचिअनुसार शिक्षा, व्यवसायिक तालिम, आय आर्जनका गतिविधि तथा मनोवैज्ञानिक परामर्श गर्ने व्यवस्था तत्काल शुरु गर्न ;
- पारिवारिक पुनर्मिलन र पूर्ण सामाजिक पुन:स्थापनाका लागि संलग्न नागरिक समाज वा संघसँस्थाको पहिचान गरी उक्त संघसस्था मार्फत सो कार्य तत्काल सञ्चालन गर्न ;

- नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट कब्जा वा अपहरण वा अन्य हिसावले नियन्त्रणमा लिएपछि विभिन्न प्रक्रिया वा माध्यमबाट मुक्त भएका बालबालिकाहरुलाई निर्भयतापूर्वक शिक्षा हाँसिल गर्ने बातावरण सुनिश्चित गर्न ;

**च) राष्ट्रिय योजाना आयोग, बालबालिका शाखा**

- राष्ट्रिय योजाना आयोग, बालबालिका शाखाले द्वन्द्वपीडित बालबालिकाका लागि तत्काल नीति तर्जुमा गरी सो को आवश्यक बजेटको समेत व्यवस्था र केन्द्रीय तथा जिल्ला बालकल्याण समितिका वीच समन्वयात्मक किसिमले कार्य शुरु गर्न ;

<u>नेपाल कम्युनिष्ट पार्टी (माओवादी)लाई आव्हान</u>

- ने.क.पा. माओवादी र सो पार्टीको भ्रातृसंगठन अखिल क्रान्तिकारीले १८ वर्षभन्दा तलका कुनै पनि बालबालिकालाई अपहरण गरी अभियानमा लैजाने कार्य तत्काल बन्द गर्न ;
- ने.क.पा. माओवादीले सशस्त्र द्वन्द्वमा विद्यालयको अत्याधिक प्रयोग गरेको पाइएकोले बालबालिका शान्तिक्षेत्र हुन भन्ने मान्यताको अक्षरसः पालना गर्नुपर्दछ । यसका लागि माओवादी केन्द्रीय नेतृत्वबाटै सार्वजनिक रुपमा आव्हान गर्न ;
- वेवारिसे वम छाड्ने कार्य तत्काल बन्द गर्नुपर्दछ र सो कारणबाट हुन पुगेको हत्या अङ्गभङ्ग जस्ता घटनाहरु प्रति छानविन तथा जिम्मेवारी स्वीकार गर्न ;
- माओवादी पार्टीमा आदेश संरचना **Command Structure** को पूर्ण पालना गर्न ;
- बालबालिकालाई कुनै पनि परिस्थितिमा सशस्त्र द्वन्द्वमा प्रयोग गर्नहुँदैन भन्ने कुरालाई अनिवार्य रुपमा परिपालना गर्न माओवादीले कम्तिमा पनि तलका विषयमा तत्काल कार्यान्वयन गर्ने गरी प्रतिवद्धता सार्वजनिक गर्न :-
  - (क) कुनै पनि अवस्थामा १८ वर्षमनिका बालबालिकालाई सशस्त्र द्वन्द्वमा प्रयोग नगर्ने कुरा सुनिश्चित गर्न;
  - (ख) माओवादीद्वारा सैनिक प्रयोजन लगायत सशस्त्र द्वन्द्वमा प्रयोग गरिएका समूहबाट तत्काल उनीहरुलाई मुक्त गरी सुरक्षित रुपमा घर फर्काउने कुरा सुनिश्चित गर्न ;
  - (ग) कुन विद्यालयमा भर्ना गराई कस्तो शिक्षा दिने भन्ने विषय सम्बन्धित अभिभावकको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको विषय भएकोले बालबालिकासमेत विद्यालयलाई शान्ति क्षेत्र मानेर विद्यालय भवन तथा विद्यालयका हाता वरिपरि विद्यालयसँग असम्बन्धित कुनै पनि क्रियाकलाप गरिनेछैन भनी सुनिश्चित गर्न ;
  - (घ) कुनै पनि उद्देश्यका लागि बालबालिका अपहरण गर्ने कार्यलाई अविलम्ब र अनिवार्य रुपमा रोक्न ;
  - (ङ) विगतमा सैन्य प्रयोजनका लागि उपयोग गरिएका बालबालिकालाई समाजमा एकीकरण गर्न उनीहरुको भौतिक, शारीरिक, मनोवैज्ञानिक तथा आध्यात्मिक अभिरुचिअनुसार शिक्षा, व्यवसायिक तालिम, आय आर्जनका गतिविधि तथा मनोवैज्ञानिक परामर्श गर्ने काममा सहयोग पुऱ्याउन ;
  - (च) पारिवारिक पुनर्मिलन र पूर्ण सामाजिक पुनःस्थापनाका लागि संलग्न नागरिक समाज वा संघसँस्थाको कार्यमा बाधा नपुऱ्याई आवश्यक सहयोग गर्ने प्रतिवद्धता सार्वजनिक गर्न ;
  - (छ) माओवादीका कार्यकर्ताद्वारा हाल पनि जारी राखेको जबर्जस्ती चन्दा, सम्पत्ति जफत, जबर्जस्ती भर्ना, बारुदी सुरुङ्ग तथा विष्फोटक पदार्थको जथाभावी प्रयोग तत्काल रोक्न ;
  - (ज) माओवादीले अभियानमा लिएर जाँदा मृत्यु भएका लगायत अन्य मृतक कार्यकर्ताको अभिलेख राखी सम्बन्धित परिवारका सदस्यलाई अविलम्ब जानकारी दिन ;

छ) **अखिल (क्रान्तिकारी)**

- अखिल क्रान्तिकारी तथा माउ पार्टी माओवादीले विद्यालय हाता परिसरमा ट्रेन्च खन्ने काम तत्काल बन्द गर्न र
- विद्यार्थीहरुलाई अपहरण गरी सशस्त्र द्वन्द्वमा प्रयोग गर्न तत्काल बन्द गर्न र यो व्यहोराका साथै मानवीय कानुनको अक्षरसः पालना गर्नमा आफ्ना इकाइ संगठनहरुलाई तत्काल आव्हान ;